नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
# सूचना तथा प्रसारण विभाग
सञ्चारग्राम, काठमाण्डौं
(प्रशासन तथा प्रेस शाखा)

visit Nepal 2020 Lifetime Experiences

प.सं.: २०७६/०७७
च.नं.: ५२८

मितिः२०७६।०९।०१

श्री सम्पादकज्यू,
वर्गीकरणमा परेका सबै पत्रपत्रिकाहरु ।

विषयः विज्ञापनको नमूना पठाइएको सम्बन्धमा ।

नेपाल सरकारले वर्गीकरणमा परेका पत्रपित्रकाहरुलाई लोककल्याणकारी विज्ञापन उपलब्ध गराउँदै आएको व्यहोरा अवगत नै छ । यसै सिलसिलामा च.नं. फ्रि.व्या.-३२/१८३ मिति २०७६।०८।२५ गतेको सञ्चार तथा सूचना प्रविधि मन्त्रालयको पत्रानुसार हिमपात, चिसो र शीतलहरबाट बच्ने उपायहरुको सूचना, सन्देश र जानकारी समबन्धी जनचेतना मुलक सन्देश तयार गरी पत्रपत्रिकालाई प्रकाशनको लागि पठाउन अनुरोध भई आएको हुँदा देहायबमोजिमका सन्देशहरुलाई लोककल्याणकारी विज्ञापनको रुपमा प्राथमिकता साथ प्रकाशन गर्ने व्यवस्था गर्नु हुन मिति २०७६।०९।०१ को निर्णय अनुसार अनुरोध छ ।

**शीत-लहरको समयमा चिसोका कारण मानिसको मृत्युसमेत हुन सक्छ त्यसैले:**

१. न्यानो कपडाको जोहो समयमै गरौं।
२. शीत-लहरको समयमा घरबाहिर खुला स्थानमा धेरै समय नबिताऔं, घरबाहिर निस्कनु परेमा वा धेरै समय बिताउनु पर्ने भएमा न्यानो कपडा लगाऔं।
३. रातको समयमा सिरक, कम्बलजस्ता न्यानो कपडा ओढ्ने गरौं। घरभित्र राति सुत्दा शरीरका साथै अनिवार्यरुपमा छाति तथा टाउको ढाक्ने प्रबन्ध मिलाऔं।
४. शीत-लहर चलेको समयमा आगो तापेर शरीरलाई न्यानो राख्ने गरौं।
५. चिसोको समयमा शरीरलाई चाहिने आवश्यक तातो झोलयुक्त खाने कुराहरु खाने बानीको विकास गरौं।

नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
सूचना तथा प्रसारण विभाग

**शीत-लहरको समयमा चिसोका कारण मानिसको मृत्युसमेत हुन सक्छ त्यसैले:**

१. बालबालिका, वृद्धवृद्धा, गर्भवती महिला तथा बिरामीहरुको हेरचाहमा विशेष सतर्कता अपनाउँदै न्यानो अवस्थामा राख्ने व्यवस्था मिलाऔं।
२. चिसोको कारण बिरामी भएमा तत्कालै नजिकको स्वास्थ्य चौकी वा अस्पतालमा तुरुन्त उपचारको लागि जाने बानीको विकास गरौं।
३. शीत-लहर चलेको बेलामा पाल्तु पशुपंक्षीलाई सकेसम्म खुल्ला स्थानमा चराउन नलैजाऔं। गोठ/टहरामै राखेर पर्याप्त घाँस/पराल र दाना दिने व्यवस्था मिलाऔं।
४. चिसोका कारण पशुपंक्षी बिरामी भएमा नजिकैको पशु चिकित्सालयमा तुरुन्तै सम्पर्क गरी औषधी/उपचार गर्न लैजाऔं।
५. कोठाभित्र आगो बाली तातो पार्दा पर्याप्त भेण्टिलेसनको व्यवस्था मिलाउन नभुलौं।

नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
सूचना तथा प्रसारण विभाग

२०७६।९।१
रुपा वि.क.
शाखा अधिकृत

बोधार्थ
श्री सञ्चार तथा सूचना प्रविधि मन्त्रालय, सिंहदरबार काठमाडौं ।
श्री सातै प्रदेश मुकाममा रहेका हुलाक सेवा निर्देशनालय/कार्यालयहरु ।


फोनः ४११२५५४, ४११२७१७, ४११२७५३ । फ्याक्सः ४११२६५२ । ईमेलः pressdoi8@gmail.com

Scanned by CamScanner